नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल।

पत्र संख्याः-
च.नं.:-

प्रेस विज्ञप्ति

सुनसरी जिल्लाको देवानगञ्ज गाउँपालिका वडा नं. ३ कप्तानगञ्जमा मिति २०८३ साउन १० गते भएको घटना र तत्पश्चात् पूर्वी नेपालका केही जिल्लाहरूमा उत्पन्न परिस्थितिप्रति नेपाल सरकारको गम्भीर ध्यानाकर्षण भएको छ। नेपाल सरकार उक्त घटनाका क्रममा मृत्यु भएका व्यक्तिप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै घाइते व्यक्ति र सुरक्षाकर्मीको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ।

घटनाका क्रममा घाइते हुनेहरूको निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले गर्ने प्रबन्ध मिलाईएको छ। उक्त घटनाको सम्बन्धमा सत्यतथ्य छानबिन गरी आगामी दिनमा यस किसिमका घटना हुन नदिन अवलम्बन गर्नु पर्ने उपायहरू सहित सात दिनभित्र प्रतिवेदन पेस गर्न गृह मन्त्रालयले छानविन समिति गठन गरी उक्त समितिले कार्य प्रारम्भ गरिसकेको छ।

उक्त घटनाका पीडित पक्षलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन र दोषीउपर कडा कानूनी कारबाही गर्न नेपाल सरकार प्रतिवद्ध छ। कुनै पनि समस्या, असन्तुष्टि वा विवादको समाधान हिंसा वा मुठभेडबाट सम्भव हुँदैन भन्नेमा नेपाल सरकार पूर्णतः विश्वास गर्दछ। नेपाली समाजले सदियौँदेखि अवलम्बन गरेको धार्मिक सहिष्णुता, आपसी एकता र सामाजिक सद्भाव कायम राख्दै यसलाई खलबल्याउने र धार्मिक एवं साम्प्रदायिक सहिष्णुतामा खलल पुर्‍याउने गतिविधिमा संलग्न नहुन, उत्तेजना वा भ्रामक सूचना नफैलाउन र त्यस्ता भ्रामक सूचनाबाट प्रभावित नभई उच्च संयमता अपनाउन सम्वद्ध पक्षहरूमा नेपाल सरकार हार्दिक अपिल गर्दछ।

यस परिस्थितिमा मुलुकमा शान्ति सुव्यवस्था र सामाजिक तथा धार्मिक सद्भाव कायम राख्न सबै राजनीतिक दल, नागरिक समाज, धार्मिक संघ-संस्था, आमसञ्चार माध्यम र सम्पूर्ण जनसमुदायमा नेपाल सरकार हार्दिक आह्वान गर्दछ।

२०८३।४।१२

हेमराज अर्याल
सहसचिव/प्रवक्ता

वि.स. २०८३ साउन १२
ने.सं. ११४६, दिल्लाथ्व, चतुर्दशी।

टेलिफोन : ४९७१०००, ४९७१००१, ४९७१०२५, ४९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http/www.opmcm.gov.np